ISSN: 2990-7950 (Print), 3102-016X (Online) **Achyutram Bhandari Sangit Pratisthan Aalekh, 2026, Vol. 4, Issue 1.**
Peer Reviewed Research Article
DOI: https://doi.org/10.3126/abspa.v4i1.96161

# नेपालमा शास्त्रीय सङ्गीतमा भएका भ्रम र वास्तविकता

**सीता थापा**

Corresponding Author: sthapa96@gmail.com
Citation: Thapa Sita (2026), नेपालमा शास्त्रीय सङ्गीतमा भएका भ्रम र वास्तविकता

## लेखसार

शास्त्रीय सङ्गीतलाई मानिसहरूले प्रायः भारतीय सङ्गीतको रूपमा बुझ्ने गरेको पाइन्छ भने कतिपयले यसलाई प्राचीन भारतवर्षको भूगोलभित्र पर्ने वर्तमानका सबै देशहरूको साझा साङ्गीतिक धरोहर मान्ने गर्दछन् । यो अलग बुझाइले सृजना गरेको भ्रमले शस्त्रीय सङ्गीतको अध्ययन, विकास तथा यसको अपनत्वमा सङ्गीतकर्मीहरूमाझ नकारात्मक प्रभाव परेको स्पष्ट देखिन्छ । यस अध्ययनमा विशेष गरी नेपालमा प्रचलित रहेको शास्त्रीय सङ्गीत, नेपाली सङ्गीतको मूलप्रवाह होइन भन्ने भ्रम र यर्थाथलाई तथ्यका आधारमा प्रकाश पार्न खोजिएको छ । शास्त्रीय सङ्गीत सम्बन्धी निमार्ण भएका गलत भाष्यले सृजना गरेका भ्रममाथि प्रकाश पार्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

**शब्दकुन्जी-** शास्त्रीय, लावण्य, वैदिक, सामवेद, नाट्यशास्त्र, हिमवत्खण्ड ।

## परीचय

'शास्त्रीय सङ्गीत'कला, साधना र ध्वनिको एक उच्च रूप हो, जसले सदियौँदेखि मानव भावनालाई स्पर्श गर्दै आएको छ । यद्यपि, यसको जटिलता, नियम र परम्पराका कारण सर्वसाधारणमा यस विषयमा धेरै भ्रमहरू व्याप्त छन्, जुन यथार्थभन्दा फरक छन् । नेपाली शास्त्रीय सङ्गीतको क्षेत्रमा शास्त्रीय सङ्गीत भन्नाले प्राय 'भारत देशको सङ्गीत' हो र भारतबाट आयातित सङ्गीत हो भन्ने अवधारणाले जरो गाडेको पाइन्छ । जसका कारण यो नेपाली सङ्गीतको मूलप्रवाह होइन भन्ने कुराको भ्रमसमेत कतिपय नेपाली जनमानसका साथै सङ्गीत क्षेत्रका व्यक्तित्व र नवप्रतिभावान विद्यार्थीहरूमा समेत पर्न गएको पाइन्छ । जसका कारण सङ्गीतको व्याकरणको रूपमा रहेको शास्त्रीय सङ्गीतको ज्ञान आर्जन गर्नु वा अध्ययन गर्नु आवश्यक नरहेको भन्ने अवधारणा पनि विकसित भएको पाइन्छ ।

कतिपय लोक तथा सुगम सङ्गीतमा संलग्न गायकगायिकामा शास्त्रीय सङ्गीतको अध्ययनबाट आफ्नो आवाजमा फरकपन विकास हुन्छ, जसका कारण शास्त्रीय सङ्गीत सिक्ने इच्छा हुँदाहुँदै पनि नसिकेको भन्ने विचार अभिव्यक्त भएको पाइन्छ । यस्तै प्रकारले शास्त्रीय सङ्गीतको अध्ययन तथा अध्यापनको सिलसिलामा तथा कार्यक्रम प्रस्तुतिका अवसरमा यो सङ्गीतलाई हिन्दुस्तानी वा

भारतीय शास्त्रीय सङ्गीत भनी सम्बोधन गरिने भएबाट पनि कतिपयले देशको नामसँग जोडेर यो हाम्रो देशको सङ्गीत होइन भन्ने बहस गरेको पनि पाइन्छ । विभिन्न संघसंस्थाले आयोजना गरेको सङ्गीत कार्यशालामा त प्रचलित शास्त्रीय सङ्गीत नेपालको होइन अब नेपाली शास्त्रीय सङ्गीत बनाउनुपर्छ वा शास्त्रीय सङ्गीतलाई नेपालीकरण गरिनुपर्दछ भन्ने भावनात्मक प्रसङ्ग पनि उठ्ने गरेको पाइन्छ । यी यावत प्रसङ्गले वर्तमान समयमा नेपालमा प्रचलीत शास्त्रीय सङ्गीत नेपाली होइन भन्ने कुरामा नयाँ आउने शास्त्रीय सङ्गीतका साधक एवम् विद्यार्थीलाई अझ भ्रमित गर्ने हो कि भन्ने देखिन्छ । त्यसैले शास्त्रीय सङ्गीत सम्बन्धि अध्ययन अनुसन्धान विना अल्पज्ञानका कारण सृजित भ्रमलाई तथ्यहरूको आधारमा विश्लेषण गर्दै यर्थाथलाई प्रष्ट पार्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनले विशेष गरी नेपालमा प्रचलित रहेको शास्त्रीय सङ्गीत सामवेदबाट सिर्जित, भारतवर्ष, सिन्धु सभ्यता, हिमवत्खण्डको परम्परा हो वा इ. १९४७ पछि देशको रुपमा अस्तित्वमा आएको भारतको सङ्गीत हो भन्ने जस्ता महत्वपूर्ण तथ्यलाई प्रमाण र परम्पराका आधारमा विश्लेषण गरिएको छ । कतिपयमा यससम्बन्धमा रहेको भ्रमलाई चिरेर, यो नेपाली सङ्गीतको मूलप्रवाह कै सङ्गीत हो भन्ने यर्थाथलाई उजागर गर्न खोजेको छ । यसका लागि नेपालको ऐतिहासिक पृष्ठभूमि, राज्य शासन व्यवस्था र कालखण्डमा शास्त्रीय सङ्गीतको प्रस्तुति, प्रचारप्रसार, सरकारी प्रोत्साहन एवं संस्थागत पठनपाठन, प्राज्ञिक प्रयास एवं विविध सामाग्रीहरूका आधारमा विश्लेषण गरी यसलाई पुष्टि गर्न खोजिएको छ । अध्ययनको उद्देश्यलाई सहयोग पुग्ने किसिमले प्रासंगिक पुस्तकहरू, लेखहरू, शोधहरू, पत्रिकाहरू, वेबसाइटहरू, विद्वान्हरूका विचारका साथै अनुसन्धान प्रतिवेदनहरूलाई यो अध्ययनको प्रमुख स्रोतको रूपमा लिइएको छ ।

## विषयप्रवेश

पूर्वीय दर्शनअनुसार गीत, वाद्य र नृत्यको सामुहिक रूप नै सङ्गीत हो । सङ्गीत रत्नाकरमा “गीतं वाद्यं च नृत्यं त्रयं सङ्गीतः मुच्यते” अर्थात् गीत, वाद्य र नृत्य तीनवटै विधाको संयोजन नै सङ्गीत हो भन्ने उल्लेख गरीएको पाइन्छ । ललितकलामा सर्वश्रेष्ठ विधा मानिएको सङ्गीतमा आकार, प्रमाण, भाव, लावण्य, उपमा, विचार, ध्यान, कल्पना, आध्यात्मिकता र प्रकृति आदि तत्व हुनुपर्छ (जौहरी, २००३), जो सिधा प्रकृति र मानवसँग सम्बन्धित छ । सङ्गीत सार्वभौमिक भाषा हो जसको माध्यमद्धारा मानिसहरूले आफ्नो मनको भाव व्यक्त गर्ने गर्दछन् । सङ्गीतलाई कुनै पनि देश, जातजाति, भाषाभाषी, मानव समुदाय वा धर्मको परिधिमा मात्र बाँध्न असम्भव हुन्छ । यो आत्माको आवाज र सृजनात्मक कला हो, जसले मानिसलाई शान्ति र प्रेरणा प्रदान गर्दछ । जुन ध्वनिमा सम्पूर्ण प्राणी जगत्को चित्तलाई आकर्षण तथा रञ्जन गर्ने सामर्थ्य हुन्छ त्यो नै सङ्गीत हो ।

शास्त्रीय सङ्गीत भन्ने बित्तिकै हामी शास्त्रमा वर्णित तथा रागरागिनीपद्धतिमा आधारित सङ्गीत हो भन्ने बुझ्दछौ । "रञ्जयते इति रागः" अर्थात् जसले चित्तलाई रञ्जित (आनन्दित) गर्छ, त्यही राग हो । आफ्नो चित्तलाई आनन्दित र शान्त तुल्याई परमानन्द प्राप्तिमा लिन गराउने उद्देश्यले हाम्रा पूर्वज सङ्गीत मनिषीहरूले विभिन्न सिद्धान्तहरू प्रतिपादन गरेका छन् । उक्त सिद्धान्तको परिधिमा रहेर सङ्गीत साधना गर्ने कार्य नै शास्त्रीय सङ्गीत उपासना सम्बन्धि कर्म हो । नाद उपासनाको लागि पूर्वीय शास्त्रीय सङ्गीत परम्परा सामवैदिक गानबाट सुरु भएर आजको अवस्थासम्म आइपुगेको हो । यसमा समयक्रमसँगै धेरै बदलावहरू आइसकेका छन् । वैदिककालमा स्वरित-रे, अनुदात्त- सा, उदात्त-ग आदि तीन स्वरमा सामगान गरिन्थ्यो र यसैकालमा सात स्वरहरू विकसित भई वेदका मन्त्रहरूको पाठ गर्ने गरिन्थ्यो । अध्यात्मिक दर्शनअनुसार स्वर र ध्वनिको माध्यमबाट मानव भावना, विचार र अनुभवलाई अभिव्यक्त गर्न सक्ने आत्माको आवाज र सृजनात्मक कला नै सङ्गीत हो, जसले मानिसलाई शान्ति र प्रेरणा प्रदान गर्दछ ।

सङ्गीत र यसका सिद्धान्तहरूको वर्णन तेस्रो, चौथो शताब्दीमा भरतमुनिद्वारा लिखित नाट्यशास्त्रमा पाइन्छ । जसलाई प्रामाणिक हिसावले पहिलो नाट्य एवं सङ्गीत-साहित्यसँग सम्बन्धित लिखित ग्रन्थ मानिन्छ । देशी सङ्गीत प्रचलन भएको स्थान र राष्ट्रहरूको उल्लेख गर्ने क्रममा यो नाट्यशास्त्रमा उल्लेखित अंगावंगा कालिङ्गश्च वत्सास्तचैवोदमागधाः ॥ पौण्ड्रा नेपालकाश्चैव अन्तर्गिर बर्हिर्गिराः ॥ (भट्टराई, ४५-४८) श्लोकले नेपालमा शास्त्रीय सङ्गीतको प्रचलन ज्यादै पुरानो भएको पुष्टि हुन्छ । नाट्यशास्त्रमा उल्लेख भएका अधिकतर त्यससमयका यी सबै "अङ्ग, बङ्ग, कालिङ्ग, बत्स, अबध, मगध, पौण्ड्र आदि राष्ट्रहरू हाल अस्तित्वमा नभई वर्तमान भारतको प्रान्तका रुपमा रहेका छन् । नेपालमात्र एउटा स्वतन्त्र राष्ट्रको रुपमा छ जसका कारण यो क्षेत्रमा शास्त्रीय सङ्गीतको परम्परालाई निरन्तरता दिने सबैभन्दा पुरानो राष्ट्र हो (रेग्मी, २०८०) ।

उल्लेखित श्लोकलाई मनन गर्दा नेपाल भन्ने देशको भूखण्ड अर्थात् हिमवतखण्डमा प्रचलित सङ्गीत आजको पूर्वीय शास्त्रीय सङ्गीतको जरामै अन्तरनिहित छ, जसलाई कुनै आधारमा अलग गर्न सकिन्न । त्यसैगरि शास्त्रीय रागहरूमा आधारित चर्या गीतिको परम्परामा वाकवज्र (इ.स.५५०)को नटरागमा आधारित 'रक्तवर्ण' नामक चर्या गीत, लीलावज्र (इ.सं.७४१) को राग अहेदि (अहिर)मा हाडाभरण, (वज्राचार्य, २०६७ पृ.१) र छैठौं/सातौं शताब्दीको ललित रागमा रहेको पञ्चबुद्धको तुतः चर्याको ध्रुवपद गीतिको अंशले नेपालमा शास्त्रीय सङ्गीतको लामो परम्परा रहेको पुष्टी गर्दछ (आचार्य, २०७० पृ.६०) ।

## नेपालमा सङ्गीतको ऐतिहासिक पृष्ठभूमि

विकासवादी सिद्धान्तअनुसार सङ्गीत मानव र सङ्गीतको इतिहाससँगसँगै विकास भएको मानिन्छ । वैदिकमतअनुसार विष्णुको नाभिबाट ब्रह्मा र ब्रह्माको कल्पनाद्वारा मानव सृष्टि

भएको मानिन्छ । सङ्गीतको सप्तस्वरहरूको आदि रूप नादब्रह्मयओंकार हो । यहि शब्द र स्वर पनि हो । संसारमा जब केही थिएन, अर्थात् आकाश आदि पंचभूतको अस्तित्व थिएन तब अ, उ, म, (ॐ) यही ओंकारमा ब्रह्माण्ड अडेको मान्दछन् (जौहरी, २००३) । आदिमकालको अविकसित अवस्थामा भनु या भाषाको विकास पूर्व, ईशारा र प्रतिकात्मक ध्वनिको आधारमा एक आपसमा कुराकानी हुन्थ्यो, यही सांकेतिक प्रतिकात्मक ध्वनि नै साङ्गीतिक स्वरको प्रारम्भिक रूप मानिन्छ (सिंह, १९९४) ।

वैदिककालमा सामवेदलाई सङ्गीतको आधार मानिन्थ्यो । सामगानमा तीन स्वरको प्रयोग गरिन्थ्यो । सामवेदीय गेय पदलाई उदात, अनुदात र स्वरितमा गाइन्थ्यो । 'नारदीयशिक्षा' र 'वृहद्देशी' मा पनि तीन स्वरको नै उल्लेख पाइन्छ (श्रीवास्तव, १९९७ पृ. १५१) । आचार्य पाणिनिका अनुसार "यिनै तीन स्वरअन्तर्गत सा, रे, ग, म, प, ध, नि सातै स्वर समावेश छ ।" सर्वप्रथम ऋक् प्रातिसाख्यमा (ग्रन्थ ४०० ईसा पूर्व) सङ्गीतशास्त्रको साधारण रूप पाइन्छ । त्यसपछि ४, ५, र अन्तमा ७ स्वरको रचना भएको पाइन्छ । 'माण्डूकीशिक्षा' मा उल्लेखित 'सप्त स्वरस्तु गीयन्ते सामभिः सामगै बुध' (श्रीवास्तव, १९९७ पृ. १५२) को यो पंक्ति यो कुराको प्रमाण हो । यतिमात्र नभएर वैदिककालको अन्य ग्रन्थमा विभिन्न वाद्यको पनि उल्लेख पाइन्छ, जस्तो- दुन्दुभी, भृदुभी, वानस्पति, आघाती, काँडवीणा, वारण्यम्, तुणव, बाँकुर आदि (श्रीवास्तव, १९९७ पृ. १५२) ।

रामायण र महाभारतकालपछि बुद्धकालमा गानलाई गन्धर्वविद्या र सङ्गीतलाई गान्धर्ववेद भनिन्थ्यो भने पुराण विभिन्न धार्मिक ग्रन्थहरूमा पनि गीत, गाथा, स्वरज्ञानको महत्व आदिको वर्णन गरिएको पाइन्छ । वीणाजस्तै बौद्ध चर्यामा बंशीको उल्लेख पाइन्छ । चर्या गीतमा 'ॐ वज्र विणे हुं,' 'ॐ वज्र वंशे त्रा'को मन्त्रोच्चारण हुनाले बौद्धकालीन प्रमुख वाद्यमध्ये वीणालाई पनि एक वाद्य मान्न सकिन्छ (थापा, २०१६) । नेपालको इतिहासलाई हेर्दा प्राचीनकालदेखि नै सङ्गीतको विकास भएको देखिन्छ । मञ्जुश्रीको आगमनपछि गोपाल वंशको शासनकालमा उनीहरू आफैं श्रीकृष्णको अनुयायी भएकाले सङ्गीत र कलाको उन्नति भएको सहज अनुमान गर्न सकिन्छ । सङ्गीतसँग समर्पित गान्धर्व जातिको बसोबास नेपालमा हुनु र तिनका हातमा अझै ब्रह्माको आकृति भएको अरबाजो अनि परिमार्जित रूप सारङ्गी रहनुले नेपालको लामो सङ्गीतको इतिहासलाई स्पष्ट पार्छ ।

नेपालमा लिच्छविकालभन्दा अगाडि किरातकालमा नै भारतवर्षका विभिन्न राज्यहरूसँग साँस्कृतिक सम्बन्ध रहेको र कलाको राम्रो उन्नति भइसकेको थियो भन्ने बुझिन्छ । किरातकालको भनेर मानिएको पाइएका एउटा नृत्यमुद्रामा मग्न मूर्तिबाट तथा तथा किरातहरूको धर्मग्रन्थका रुपमा रहेको मुन्धुम गाउने परम्पराबाट त्यसकालमा नै कला र सङ्गीतको राम्रो विकास भइसकेको थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ (रावल, २०७९ पृ. ७६) ।

लिच्छविकालबाट नेपालको प्रामाणीक इतिहास सुरु भएको पाइन्छ । जसले नेपालमा

लामो समय शासन गरेका थिए (पोखरेल, २०२१) । तत्कालिन समयका भेटिएका विभिन्न शिलालेखहरूमध्ये केहीमा सङ्गीतसम्बन्धी परेका बादित्रगोष्ठी, प्रेक्षणमण्डपिका, बर्षाकालवादित्र, बणिनिनादस्वरबल्गुवाक्य जस्ता विविध शब्दावलि र शंखवाद, नान्दिवाद, मंगलगान गर्ने प्रशङ्गहरूको उल्लेख पाइन्छ (रेग्मी, २०८० पृं १०५) ।

यस्तैगरी, नरेन्द्रदेवको समयमा अनन्तलिङ्गेश्वरको अभिलेखमा (संवत् ८०-८९) लोकपाल स्वामीको मन्दिर सरसफाइ र आरतीको समयमा दशौँ देवदासीहरूले नृत्य गर्नुपर्ने भन्ने उल्लेख छ । उनकै समयमा चिनीया यात्री ह्वेन साङ्गले आफ्नो यात्रा संस्मरणमा (They are skilled in acting dramas and playing drums) नेपालीहरू नाट्य, अभिनय र ढोलक बजाउन निपूर्ण थिए भन्ने लेखेको पाइन्छ (रेग्मी, २०८०) ।

यी सबै सन्दर्भबाट नेपाल प्राचीनकालदेखि नै अस्तित्वमा रहेको एउटा स्वतन्त्र र सार्वभौम सम्पन्न राष्ट्र रहेको र जहाँका बासिन्दाहरू सङ्गीत तथा शास्त्रीय सङ्गीतलाई आफ्नो परम्परा र संस्कृतिको अभिन्न अंगको रूपमा मान्दथे भन्ने स्पष्ट हुन्छ ।

मल्लकाललाई नृत्य, नाट्य र सङ्गीतको सुवर्णकालको रूपमा रहेको उल्लेख पाइन्छ, जसले नेपालमा लगभग ५ सय बर्ष  शासन गरेका थिए (पोखरेल, २०२१) । त्यसबेला नै प्रचलनमा रहेका विभिन्न जात्रा पर्व, नाच, नाटक र ऋतुअनुसारका रागगायन एवं वाद्य बजाउने, सङ्गीतग्रन्थ, नाटक र राग रचनाका ग्रन्थहरूको स्वयं राजाहरूबाट लेख्ने लेखाउने अभिरुचीबाट सङ्गीत प्रतिको उच्च सम्मान रहेको देखिन्छ। विभिन्न सामाजिक, धार्मिक कार्य शास्त्रमा आधारित परम्परागत सङ्गीतको प्रयोग अनिवार्य थियो । त्यसबेलाका राजाहरू स्वयं नै नाच्ने, गाउने, बाजाबजाउने कार्यका साथ गीत र ग्रन्थ लेख्ने कार्यमा निपुण थिए । यस्ता राजाहरूमा विशेष गरेर काठमाडौँका प्रताप मल्ल, जगज्योति मल्ल, पाटनका राजाहरू योगनरेन्द्र मल्ल, सिद्धीनर सिंह मल्ल, भक्तपुरका अन्तिम राजा रणजित मल्ल आदि महत्वपूर्ण मानिन्छन् ।

काठमाण्डौँ उपत्यकाका नेवार समुदायमा चलेको ऋतुअनुसारका गीत र राग गायनको परम्पराका साथै वसन्तपञ्चमीका दिन मल्ल राजाहरूकै पालादेखि गाउने बजाउने प्रचलन रहेको रागवसन्त श्रवण गर्ने परम्परा वर्तमान समयमा पनि चलिरहेको पाइन्छ। राग वसन्त गाउनुपूर्व जयदेवको रचनामा वीणा वादनका साथ गीतगोविन्द अद्यपि गाइन्छ । 'वसन्त', 'गीतगोविन्द' आदिमा नृत्य, पखावज, वीणा आदिको प्रयोगले प्रचीनकालदेखि नै शास्त्रीय वाद्यको पनि प्रचलन रहेको पाइन्छ (रावल, २०७९ पृ.७९-८०) । त्यसका साथै त्यसबेला उपत्यकामा परम्परागत शास्त्रीय सङ्गीतको आधारमा गाइने चर्यागीत वादनको साथमा गोप्य पूजन विधिमा समेत प्रयोग भएको पाइन्छ (थापा, २०७३) ।

मल्लकालमा सङ्गीतका विविध विषयमा रचिएका करिब २२१ वटा ग्रन्थहरू अद्यापि राष्ट्रिय अभिलेखालयमा सुरक्षित पाइएबाट पनि तत्कालिन समयमा शास्त्रीय सङ्गीतले राजकीय संरक्षण पाउनुका साथै सङ्गीतको विकास उत्कर्षमा पुगिसकेको देखिन्छ ।

यसप्रकार वैदिककालबाट नै प्रचलनमा आएको सङ्गीत श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको राष्ट्रिय एकीकरण पछि पनि शास्त्रीय सङ्गीतको विकास क्रमिक रूपमा भइरहेको पाइन्छ । नुवाकोट विजयपछि श्री ५ पृथ्वीनारायणले छोरा प्रताप सिंहसँग मिलेर राजधानी नुवाकोटमा धेरै साँस्कृतिक एव साङ्गीतिक कार्यक्रम सञ्चालन गरेका थिए भन्ने उल्लेख पाइन्छ । नुवाकोटमाडीको १८१२ को अभिलेखअनुसार प्रताप सिंहले फागुको उत्सव मनाउँदा धेरै प्रकारका राग गायकसँग स्वयमले पनि गाएको उल्लेख पाइन्छ (रेग्मी, २०८० पृ.१३०) । त्यस समयमा देश, काल, परिस्थितिले पनि गीत सङ्गीतलाई अलि महत्व कम दिएको जस्तो देखिए पनि जनमानसमा गायन वादनमा कमी आएको भने पाइदैन ।

त्यस समय नेपालभरी नै ठूला घराना-खान्दानी भएका ठाउँहरूमा राग रागीनीमा बाँधिएका अनेकौं ताल, सुर र लयकारी युक्तवन्दिशहरू सङ्गीत मण्डली, भजन मण्डली, घर, आँगन, चोक, डबली, जात्रा, पर्व र उत्सवहरूमा गाउने बजाउने गरिन्थ्यो (आचार्य २०५६ पृ. १३२) । श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले आफ्नो अभियानमा गान्दर्भ (गन्धर्व), नगर्ची, गोरक्षनाथ सम्प्रदायका जोगीसन्यासीहरूलाई गीत सङ्गीतको अभियानबाट गाउँगाउँ पठाएको पाइन्छ । रणबहादुर शाह स्वयं वीणा र राम्रो सितार वादक थिए । यिनको शासनकालमा नेपालका प्रसिद्ध शास्त्रीय गायक रूपनारायण श्रेष्ठ र पखावजवादक पद्मनरायण श्रेष्ठलाई दरवारमा राजगायक-वादकको रूपमा नियुक्त गरी उक्तपदको खान्की-भत्तास्वरूप सन्तान दर सन्तानलाई दिने व्यवस्थासमेत गरिदिएको उल्लेख पाइन्छ (रावल, २०६३ पृ. २६६) । मल्लकालबाट प्रचलनमा आएको वसन्तपञ्चमीका दिन हनूमानढोकामा वसन्त सुनाउने र प्रभातकालिन भजनहरू गाउने चलन तथा दशैंमा मालश्री धुन गाउने बजाउने चलनले निरन्तरता पाई आजपर्यन्त कायमै छ ।

शाहकालका राजाहरूले दशैंमा गाइने बजाइने प्रचलनमा रहेको मालश्री रागमा आधारित थुप्रै धुनहरू रचना गरेका थिए भन्ने उल्लेख पाइन्छ (रेग्मी, २०८०) । श्री ५ सुरेन्द्रले कास्की जिल्लाको बाटुले चौरमा जन्मि भारत गइ बसेका शास्त्रीय सङ्गीताचार्य लक्ष्मण दासलाई झिकाई आफ्ना दरबारीया भाइभारदार तथा तालीमे नानीहरूलाई सङ्गीत शिक्षा दिने उद्देश्यले आश्रय दिइराखेका थिए भन्ने उल्लेख पाइन्छ । उनका उल्लेखनिय शिष्यहरूमा ठूली हसिना, सानी हसिना, संग्रामसूर आदि थिए ।

राणाकालमा पनि शास्त्रीय सङ्गीतको अवस्था निकै राम्रो रहेको थियो । विशेष गरेर प्रधानमन्त्री जङ्गबहादुर तथा वीरशम्शेरको समयलाई नेपालमा शास्त्रीय सङ्गीतको स्वर्णकाल रहेको मानिन्छ । वि.सं. १९५६ साल पौष महिनामा सबैभन्दा ठूलो शास्त्रीय सङ्गीत सम्मेलन विरगंजनजिकै बगेडी भन्ने ठाउँमा गराएका थिए, जुन एक महिनासम्म चलेको थियो, जसमा सैयौंको संख्यामा भारत र नेपालका उच्च कोटीका सङ्गीतज्ञहरूले भाग लिएका थिए । बगेडीमा आयोजित सङ्गीत सम्मेलनले सङ्गीत सम्बन्धी निचोड निकाल्दै भातखण्डेको भन्दा फरक रागाङ्गमा आधारित कल्याण, भैरव, बिलाबल, तोडी, सारंग, कान्हडा, मल्हार, कोष, साखर श्री थाटजस्ता विभिन्न दश थाटको परिकल्पना गरिएको थियो (रेग्मी, २०८० पृ. १५८-१५९) ।

शास्त्रीय सङ्गीतको विकास र संरक्षणमा नेपालको स्पष्ट योगदान देखिने महत्वपूर्ण दस्तावेज प्रकाशनमा भने आएको पाइदैन ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनापछि रेडियो नेपालको स्थापना भएसँगै औपचारिक रूपमा सङ्गीतको प्रचार प्रसारको सर्वसाधारण माझ प्रारम्भ भएको पाइन्छ। शास्त्रीय सङ्गीतको प्रसारणले नेपाली सङ्गीत विधालाई एकीकृत गरी अगाडि बढाएको पाइन्छ (पाण्डे र अन्य, २०३४, पृ.१६०) । तत्पश्चात् नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (हालको नेपाल प्रज्ञा प्रतिष्ठान), राष्ट्रिय नाचघर (सांस्कृतिक संस्थान), रत्न रेकर्डिंग संस्थान, त्रिभुवन विश्वविद्यालयलगायत अन्य विभिन्न संस्थाको स्थापना र त्यसबाट सञ्चालित कार्यक्रमहरूमा शास्त्रीय सङ्गीतलाई दिइएको महत्वका कारण पनि नेपालमा लामो परम्पराबाट निरन्तर रुपमा चलेर आएको शास्त्रीय सङ्गीतको श्रीवृद्धिमा सहयोग पुग्न गएको देखिन्छ । यस्तैप्रकारले वि.सं. २०१६ सालमा श्री ५ महेन्द्रद्वारा स्थापित भजन गृहमा धार्मिक तथा सांस्कृतिक पर्वहरूमा शास्त्रीय सङ्गीतको कार्यक्रम आयोजना गर्ने गरेको र शास्त्रीय सङ्गीतको क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरूलाई विभिन्न राष्ट्रिय पुरस्कारहरूबाट सम्मानित गर्ने परिपाटि बसालेको पाइन्छ (श्रेष्ठ २०१६), पं.कृष्णचन्द्र रेग्मी (२०२१) र सङ्गीत प्रविण नरराज ढकाल (२०२४) (पाण्डे र अन्य, २०३४, १६०-६१) । जसले शास्त्रीय र आधुनिक सङ्गीत सिक्न लालायित विद्यार्थीहरूलाई देशभित्रै आधारभूत शिक्षा प्रदान गरेर नेपालमा सङ्गीतको परम्परालाई सफलतापूर्वक समृद्ध बनाउँदै आइरहेका छन । यस परिप्रेक्ष्यमा शास्त्रीय सङ्गीतको संरक्षण र प्रवर्द्धनमा तत्कालिन समयमा नेपालका महान् शास्त्रीय विधाका सङ्गीतज्ञहरूको महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

नेपाल सरकारले प्राथमिकतहदेखि माध्यमिकविद्यालय स्तरको पाठ्यक्रममा समेत वैकल्पिक विषयको रूपमा शास्त्रीयलगायत लोक एवं आधुनिक सङ्गीतको विषय राखेको पाइन्छ। उच्च शिक्षामा शास्त्रीय सङ्गीत त्रिभुवन विश्वविद्यालयको वि.सं. २०१६ सालमा स्थापनासँगै २०१७ सालदेखि विश्वविद्यालयस्तरमा पद्मकन्या क्याम्पसबाट आइ.ए र २०२० सालमा बि.ए. स्तरमा शास्त्रीय सङ्गीतको पाठ्यक्रममा आधारित पठनपाठन सुरू भएको भेटिन्छ। हाल मानवीकि तथा सामाजिकशास्त्र संकायअन्तर्गतका ललितकला केन्द्रीय विभाग तीन आंगीक क्याम्पसमा क्रमश: पद्मकन्या बहुमुखी क्याम्पस (२०३३), ललितकला क्याम्पस (२०३०) र रत्नराज्यलक्ष्मी क्याम्पस (२०१७) बाट विश्वविद्यालयमा शैक्षिक विषयको रूपमा शास्त्रीय सङ्गीत विषयको पठनपाठन समावेश गरिएको पाइन्छ (दर्नाल, २०३८, पृ.१००) ।

त्रि.वि.बाट प्रमाणपत्र तहको खारेजीसँगै २०६६ सालबाट यसकै सम्वन्धन प्राप्त काठमाडौंस्थित सिर्जना कलेज अफ फाइन आर्ट्स सामुदायिक कलेजले समेत सङ्गीतशिक्षालाई कक्षा ११ र १२ सुरुवात गरी हाल स्नातकतहसम्मको गायन, वादन र नृत्य विषयमा अध्यापन गराइरहेको छ। आज विश्वविद्यालयस्तरमा विभिन्न आंगीक क्याम्पसलगायत केन्द्रीय विभागमार्फत् सङ्गीत विषयमा स्नातक, स्नातकोत्तर, एम.फिल. र विद्यावारिधीतहसम्मको अध्ययन अध्यापन एवं

अनुसन्धानका कार्यको थालनी भइसकेको छ । यसरी प्राचिन समयबाट वर्तमानसम्म अनवरत रूपमा नेपालमा जनमानसबाट तथा राज्यका तर्फबाट पनि शास्त्रीय सङ्गीतको संरक्षण, संर्वदन र प्रर्वद्धन हुँदै गर्दै आएको देखिनुले शास्त्रीय सङ्गीत नेपालको मूल प्रवाह होइन भन्ने तर्क केवल भ्रममात्र हो भन्ने स्पष्ट देखिन्छ ।

नेपाल हिमवत्खण्डको केन्द्र स्थल हो । नेपाल विश्वमा मानवसभ्यताको र ज्ञानोदयको आदि भूमि हो । पश्चिममा कैलाशमा सरोवरबाट प्रश्रवित सिन्धु नदी, पूर्वमा तिब्बतबाट प्रवाहित भई पश्चिममा भारतको अरुणाचल प्रदेशबाट बङ्गलादेश हुँदै हिन्दमहासागरमा मिसिने ब्रम्हपुत्र नदी, उत्तरमा कैलाशपर्वतसँगै हिमालयपर्वत श्रृखला र दक्षिणमा गङ्गा नदीतट र त्यहाँ अवस्थित सम्पूर्ण जल, जङ्गल, जमिनसहितको क्षेत्रलाई समष्टिमा हिमवत्खण्ड भनिन्छ (सेढाई, २०८०) । नाट्यशास्त्रमा उल्लेखित राष्ट्रहरूमध्ये कतिपय वर्तमान समयमा भारतका प्रान्तका रूपमा रहेका छन् तर नेपाल स्वतन्त्र र सार्वभौम राष्ट्रका रूपमा रहनुका साथै शास्त्रीय सङ्गीतको प्रचलन रहेको सबैभन्दा प्राचिन राष्ट्रको रूपमा रहेको देखिन्छ । तत्कालिन समयमा भारत राष्ट्रको रूपमा नभइ उपमहाद्वीपीय क्षेत्रका रूपमा रहेको र त्यहि नामबाट यस क्षेत्रमा प्रचलित सङ्गीत भारतीय सङ्गीतको रूपमा रहन गएको पाइन्छ (रेग्मी, २०८०) ।

शास्त्रीय सङ्गीतको प्रचलन र विकास हिमवत्खण्ड तथा प्राचीन भारतवर्षमा त्यतिबेला नै भइसकेको थियो, जुन बेलामाआधुनिक राज्यहरूको सीमा थिएनन् । यो क्षेत्रमा शास्त्रीय सङ्गीतको परम्परा रहेको तथ्यलाई भरतको नाट्यशास्त्र, सङ्गीतरत्नाकर, सङ्गीतपारिजात, राग तत्वविबोध, अभिनव रागमञ्जरी जस्ता शास्त्रीय सङ्गीतसँग सम्बन्धि प्राचीनग्रन्थले पनि आफैँ पुष्टि गरेको छ । यथार्थमा शास्त्रीय सङ्गीत नेपाल, भारत, बंगलादेश, पाकिस्तान, लगायत दक्षिण एसियाली भूभागमा समानरूपमा प्रचलनमा रहेको यो क्षेत्रको सामूहिक सांगीतिक धरोहर हो । शास्त्रीय सङ्गीतलाई वर्तमान दक्षिण एसियाली सङ्गीतको उपमा दिनु सान्दर्भिक हुने देखिन्छ (रेग्मी, २०८०) ।

भारतले जस्तै नेपालले पनि आफ्नो सङ्गीतको स्रोत वेदलाई नै मान्ने भएको र हाम्रा धर्म, संस्कृति, परम्परालगायतमा समानता रहेका हुनाले पनि नेपालको सांगीतिक इतिहास भारतको भन्दा भिन्न देखिँदैन । पूर्वमध्यकालको उत्तरार्धतिर भारतमा विदेशी राज्यहरूको लामो हस्तक्षेप र प्रभावका कारण राजनीतिक परिवेश र संस्कार संस्कृतिमा परी तीब्र गतिमा परिवर्तन भएको पाइन्छ । करिब तेह्रौं शताब्दीपछि भारतमा विदेशी शासकहरूको प्रभावको कारण नेपाल भारतको तुलनामा अधिक आस्तिक राष्ट्रको रूपमा प्रसिद्ध रहेको पाइन्छ (रेग्मी, २०८०) ।

वस्तुतः शास्त्रीय सङ्गीत समग्र पूर्वीय सिद्धान्तमा आधारित छ । सामवेदबाट निःसृत शास्त्रीय सङ्गीतलाई भारतीय शास्त्रीय सङ्गीत भन्नु कुनै अर्थपूर्ण देखिदैन । भारतीयको अर्थ वर्तमान इन्डिया या भारत नभएर प्राचीन भारतवर्षसँग सम्बन्धित छ । हाम्रा विभिन्न धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा पढ्दा जम्बुद्विपे, भारतवर्षे, भरतखण्डे, नेपाल देशे भन्ने चलन छ । जसरी हाम्रो देशको ठेगाना एसिया र दक्षिण एसिया हुँदै नेपाल भएको छ । प्राचीनकालमा जम्बुद्विप भारतवर्ष

र भरतखण्ड हुँदै नेपाल थियो । जम्बुद्विपभित्र नेपालमात्र होइन भारतवर्ष, हरिवर्ष, भद्राश्ववर्ष, उत्तरकुरुललगायतका भूभागहरू सम्मिलित थिए । उत्तरमा पीत समुन्द्र (Yellow Sea), दक्षिणमा महासागर, पूर्वमा रक्त समुन्द्र (Red sea) सम्मलाई भारतवर्ष भनेर हनुमान प्रसाद शास्त्रीले 'काश्मिरस्येतिहास' नामक आफ्नो ग्रन्थमा उल्लेख गरेका छन् । यसरी हेर्दा नेपालमात्र होइन पाकिस्तान, अफगानिस्तान, बंगलादेशका साथै दक्षिण एसियाका अन्य मुलुकसमेत भारतवर्ष अन्तर्गत पर्न आउछन् । भारतीयको अर्थ इन्डिया नभएर हजारौ वर्ष बुझाउने शब्दहो, त्यसैले शास्त्रीय सङ्गीतलाई अहिलेको इन्डियासँग जोडेर हेर्न नमिल्ने देखिन्छ । शास्त्रीय सङ्गीतको क्षेत्रमा अनुसन्धानको कमी हुनु र प्रचारप्रसारमा सम्बन्धित क्षेत्रबाट पहल नहुनु, सम्बन्धित ठाउँमा सही व्यक्तिको उपस्थिति नरहनुले पनि यो भ्रम सिर्जना भएको कुरालाई नकार्न भने सकिन्न ।

## निष्कर्ष

शास्त्रीय सङ्गीतको इतिहासलाई मानव सभ्यताको विकाससँगै जोडेर हेर्ने गरिन्छ । वस्तुतः शास्त्रीय सङ्गीत समग्र सिद्धान्त र दर्शनमा आधारित छ । सामवेदबाट निःसृत शास्त्रीय सङ्गीतको नेपालमा लामो इतिहास रहेको छ । हाम्रो साङ्गीतिक संरचना शास्त्रीय धरातलमा उभिएको थियो, जुन यस उप-महाद्वीपको सभ्यता र सांस्कृतिक परम्परामा विकसित भयो । तेस्रो-चौथो शताब्दीतिरको मानिएको भरतमुनिद्वारा रचित भरतनाट्यशास्त्रमा पनि देशी सङ्गीतको प्रचलन भएका राष्ट्रहरूमा नेपालको नाम उल्लेख पाइन्छ । किरात, लिच्छवि, मल्ल, शाह, राणाकाल हुँदै वर्तमानसम्म नेपालमा कायम रहेको शास्त्रीय सङ्गीत सम्बन्धी विश्लेषण गरिए अनुसार नेपालमा लोकसङ्गीत तथा शास्त्रीय सङ्गीतको परम्परा लामो समयबाट निरन्तर रूपमा चलेर आएको देखिन्छ । शास्त्रीय सङ्गीतको संरक्षण, सम्बर्धन र विकास प्राचीन भारतवर्षमा भएको हो जसको विकासमा यस क्षेत्रका सवै राष्ट्रहरूको योगदान रहेको भेटिन्छ । त्यसैले, नामको आधारमा नेपालमा प्रचलित शास्त्रीय सङ्गीत हाम्रो होइन  भन्ने भ्रम कसैले पनि राख्नु हुँदैन । यो त प्राचीन भारतवर्ष भित्र पर्ने सबै देश र त्यस क्षेत्रका सबै मानवको साझा परम्परा तथा गायन शैली हो भन्ने यथार्थतालाई हामीले गम्भिर भएर मनन गर्नु आवश्यक छ । त्यसैले शास्त्रीय सङ्गीत सम्वन्धि अध्ययन अनुसन्धान गरी यस प्रकारका अल्पज्ञानका कारण सृजित भ्रमलाई तथ्यहरूको आधारमा विश्लेषण गर्दै यर्थाथतालाई प्रष्ट पारी शास्त्रीय सङ्गीतलाई जनमानसमा परिचित गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

आचार्य, श्रीराम (२०५६). *सङ्गीतामृत प्रथमाहुती* (दोस्रो संस्करण), काठमाण्डौ : सङ्गीतामृत प्रकाशन समिति ।

आचार्य, श्रीराम (२०७०). *संगीतामृत तृतियाहुती* (पहिलो संस्करण), काठमाण्डौः सङ्गीतामृत प्रकाशन ।

गर्ग, लक्ष्मीनारायण (१९९४). *सङ्गीतविशारद,* भारतः सङ्गीतकार्यलय, हाथरस 204 102 उ.प्र

गोपाली, धनबहादूर (२०७०). *नेपाली सङ्गीतमा कलानिधीको भूमिका, कलानिधी श्वर्ण महोत्सव स्मारिका २०७०,* ललितपूर : कलानिधी इन्दिरा सङ्गीतमहाविद्यालय ।

तिवारी, शाोभा (२०६९). *लोकसङ्गीतार्पण,* ललितपुर : साझा प्रकाशन ।

तुलाधर, बुद्धरत्न (२०३६). *सङ्गीत साधन (भाग २),* काठमाण्डौः त्रि. वि पाठ्यक्रमविकास केन्द्र ।

दर्नाल, राम शरण (२०३८). *नेपालका सङ्गीत साधक,* काठमाण्डौ : नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान ।

पाण्डे, इन्दिरा र अन्य (२०३४). *सङ्गीताञ्जलि,* काठमाण्डौ : श्री पाण्डे, रक्तकाली ।

बज्राचार्य, रत्नकाजी (२०५६). *चचाःमुना,* काठमाडौं : पल्पसा प्रिन्टिङ्ग प्रेस ।

बज्राचार्य, रत्नकाजी (२०५३). *चचाःमुना* काठमाडौं : नन्द प्रिन्टिङ्ग प्रेस ।

मुकारुङ्ग, बुलु (२०७१). *नेपाली सङ्गीतको अभिलेख,* काठमाण्डौः पाल्पाबुक्स पब्लीकेसन्स ।

रेग्मी, ध्रुवेशचन्द्र (२०८०). *नेपाली सङ्गीत दरवार (पहिलो संस्करण),* काठमाडौं : बुकहिल पब्लिकेसन ।

रावल, वेनी (२०७९). *लोकसङ्गीतायनः* काठमाडौंः दिपक जंगम ।

शर्मा, मुकुन्द (२०७९). *नेपाल भाषाका दाफा भजनः* काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रीवास्तव, हरिश्चन्द्र (१९९७). *राग परिचय*

Sharma, Prem Lata (1998). *Sarangdeva and His sangita-ratnakar,* India : Sangeet Natak Akademi.

Shrestha, Arun (2022). *Charya, Dancin Awayto,* Kathmandu: Nirvana, Pubsisher.

Vaidya, Karunkar (1986). *Buddhist Traditions and Culture of the Kathmandu Valley, Kathmandu:* Sajha Prakashan.

*https://www.namuda.org.np*

*http://sanskritiksansthan.org.np*

*https://www.collegesnepal.com/sirjana-college-of-fine-art/ https://www.nepalmusiccenter.com/courses.html*

*http://www.asianart.com/associations/kumusic/index.html*